स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



संविधान दिवसको दिन पारेर आगामी असोज ३ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'खुस्मा'को ट्रेलर सार्वजनिक गरिएको छ । फिल्मका प्रमुख अभिनेता धीरज मगरको जन्मदिनको अवसरमा मंगलबार काठमाडौंका एक कार्यक्रमबीच सार्वजनिक ट्रेलरमा प्रेम, विछोड र वियोगलाई प्राथमिकता दिइएको छ । सशस्त्र द्वन्द्वको छायाँमा अंकुराएको एक जोडीको प्रेमलाई ट्रेलरले देखाउँछ । सहरमा पढेर फर्किएकी अभिनेत्री उपासना सिंह ठकुरीको धीरजसँग माया बसेको छ ।

**आजको विचार...**



रावण...
*(दुई पेजमा)*

प्रा. डा. कुलप्रसाद कोइराला



अभिनेत्री अरुणिमा लम्सालले एक दशकपछि अभिनयमा पुनरागमन गरेको वेब सिरिज 'घर बट इन अमेरिका'को टिजर मंगलबार सार्वजनिक गरिएको छ। दुई मिनेट लम्बाईको टिजरमा नेपालबाट छोरी भेट्न पहिलो पटक अमेरिका पुगेका अभिभावक र लिभ-इन रिलेसनसिपमा बस्दै आएकी छोरीको कथा समेटिएको छ। अरुणिमाको जोडी बनेर अभिनेता विमलेश अधिकारी प्रस्तुत छन् । सिरिजको निर्देशन तथा अवधारणा विमलेश स्वयंको हो भने पटकथा एवं संवाद लेखन विवेक चम्लागाईंको हो ।

❐ वर्ष ३० ❐ अंक ५८ ❐ २०८१ भदौ २७ गते बिहीबार 12 September 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### हमलामा ४० जनाको मृत्यु

(रासस/एएफपी)

**गाजा,** २५ भदौ/प्यालेस्टिनी क्षेत्रको दक्षिणमा रहेको मानवीय क्षेत्रमा मङ्लबार भएको इजरायली हमलामा ४० जनाको मृत्यु हुनुका साथै ६० जना घाइते भएको गाजाको नागरिक सुरक्षा विभागले जनाएको छ । इजरायली सेनाले उक्त क्षेत्रको हमास कमाण्ड सेन्टरलाई लक्षित गरी आक्रमण गरेको जनाएको छ ।

गाजाको दक्षिणी सहर खान युनिसको अल-मवासीमा आक्रमण पछि दशौं हजार विस्थापित प्यालेस्टिनीले त्यहाँ शरण लिएका थिए । यद्यपि, इजरायली सेनाले यस क्षेत्र वरपर अपरेसन जारी गरेको छ । जुलाईमा हमासका सैन्य प्रमुख मोहम्मद देइफसहित ९० जनाभन्दा बढी मानिस मारिएको गाजाका स्वास्थ्य अधिकारीहरूले बताएका छन् । गाजाका नागरिक सुरक्षा अधिकारी मोहम्मद अल-मुघाइरले आक्रमणमा मृत्यु भएका तथा घाइते भएकालाई नजिकैको अस्पतालमा लगिएको बताएका छन् । खान युनूसमा विस्थापितको शिविरलाई लक्षित गरी आक्रमण गर्दा बेपत्ता भएका १५ व्यक्तिहरूको उद्धारका लागि विभागका कर्मचारीहरू निरन्तर खटिरहेको मुगैरले उल्लेख गरे । नागरिक रक्षाका प्रवक्ता महमुद बासलले शिविरमा शरण लिइरहेका मानिसलाई आक्रमणको चेतावनी नदिएको उल्लेख गर्दै आवश्यक सामग्रीको अभावले उद्धार कार्यमा बाधा पुगेको बताएका छन् । उनका अनुसार आक्रमणका कारण २०-४० भन्दा बढी शिविरहरु पूर्ण रूपमा क्षतिग्रस्त भएका छन । इजरायली सेनाले विज्ञप्ति मार्फत खान युनिसको मानवीय क्षेत्रबाट सैन्य कारवाही गरिरहेका हमासलाई प्रहार गरेको जनाएको हो । गाजामा लडाकु समूहले तोकिएको मानवतावादी क्षेत्रसहित नागरिक र मानवीय पूर्वाधारको व्यापक दुरुपयोग गरेको जनाइएको छ ।

# पाल्पामा गिद्ध लोप हुँदै गएकोमा चिन्ता

## संरक्षणमा लाग्न सरोकारवालाको जोड

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ २६/गिद्ध प्रकृतिका कुचिकार मानिन्छन् । मरेका सिनो खाएर गिद्धले वातावरण स्वच्छ राख्न मद्धत गर्छ । पारिस्थितिक प्रणालीलाई जोगाइ राख्न पनि गिद्धको महत्वपूर्ण भूमिका रहने गर्छ । गिद्धहरुले मरेको पशुपन्छीको सिनो खाएर वातावरण दुर्गन्ध हुनबाट जोगाउँछन् । तर, पछिल्लो समयमा पाल्पामा यिनै प्रकृतिका कुचिकार मानिने गिद्धहरु लोप हुँदै गएका छन् । गिद्ध प्रकृतिको एक अभिन्न अंग रहे पनि त्यसको संरक्षणमा कसैले पनि चासो नदिदा लोप उन्मुख अवस्थामा पुगेको पाइन्छ । जिल्लामा गिद्ध लोप हुँदै जान थालेपछि चिन्ता व्यक्त गरिएको छ । जिल्लाको तानसेन नगरपालिका -९ मा रहेको अधेरी छरछरे सामुदायिक वन उपभोक्ता समिति र पंक्षी संरक्षण संघले संयुक्त रुपमा अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवसको अवसरमा आयोजना गरेको कार्यक्रममा सरोकारवालाहरुले गिद्धको संरक्षण नहुँदा लोप हुन थालेको भन्दै चिन्ता व्यक्त गरेका छन् । उनीहरुले मानवकै कारण गिद्ध लोप हुन थालेकाले त्यसको संरक्षणमा समेत मानिस आफैले चासो देखाउनु पर्नेमा जोड दिए ।

कार्याक्रममा डिभिजन वन कार्यालयका प्रमुख नारायण देव भट्टराईले गिद्धको वासस्थान माथि नै वन्य जन्तुले नोक्सान गर्दा वनबाट गिद्ध लोप हुने अवस्थामा पुगेकोमा पुन: संरक्षणका लागि एक जुट हुनु पर्ने समय आएको बताए । 'गिद्ध वातावरणको अभिन्न अंग हो । यिनीहरु अहिले संकटमा छन् । सबै सरोकारवालाहरुले गिद्धको संरक्षणमा ध्यान दिन जरुरी छ,' उनले भने । गिद्ध संरक्षणमा एक जनाले मात्र नभई समुदायस्तरको पनि उतिकै भूमिका रहने हुनाले यसतर्फ सबै सचेत हुनुपर्नै प्रमुख



भट्टराईको भनाई छ । उनले गिद्ध बस्ने तथा गुँड लगाउने सिमलका रुख मासिँदै गएपछि गिद्धको वासस्थानमा ह्रास आएको बताए । तानसेन नगरपालिका प्रवक्ता यादव सिंह कार्कीले गिद्ध पछिल्लो समयमा हराउँदै जाँदा वातावरण समेत प्रदुषित हुँदा मानव जातीमा रोग व्याधी बढ्दै गएको भन्दै गिद्ध संरक्षणतर्फ लाग्नु पर्नेमा जोड दिए । उनले पर्यापर्यटन र जैविक विविधता अध्ययन गर्ने तथा गिद्ध अवलोकनका लागि पछिल्लो समय विदेशी तथा स्वदेशी पर्यटक बाक्लो रूपमा आउने गरेकाले पनि गिद्ध संरक्षणमा सबैले चासो राख्नुपर्ने जिकिर गरे । प्रवक्ता कार्कीले पाल्पाको सम्भावना भनेको कृषि र पर्यटन भएकाले यसको विकासका लागि नगर सरकारले सामुदायिक वनसँग सहकार्य गर्ने बताए । वडा अध्यक्ष राजेश कुमार अर्यालले गिद्ध संरक्षणमा नयाँ सोच बनाएर अगाडि बढ्नु पर्ने बेला आएको उल्लेख गरे । उनले गिद्ध संरक्षणका लागि तीनवटै तहका सरकारले कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यक रहेको औंल्याए । अध्यक्ष अर्यालले भने 'पर्यावरण जोगाउन गिद्धको ठूलो भूमिका छ,त्यसको संरक्षणका लागि तीनै तहका सरकार र नागरिकले समेत ध्यान दिनु अहिलेको आवश्यकता हो ।' कार्यक्रममा वन समूहका पूर्व अध्यक्ष बुद्धराज बस्यालले वन्यजन्तु नियन्त्रणतर्फ सरकारले उचित निर्णय नलिए गाउँका सबै बस्ती खाली हुने बताए । उनले तीनै तहका सरकारले वन्यजन्तु नियन्त्रण सम्बन्धी कानुन ल्याउनु पर्नेमा जोड दिए । माडव्य बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख रुद्र बस्यालले पर्याप्त मात्रामा पाइने गिद्ध बाँदरका कारण यहाँबाट हराउन पुगेको बताए । उनले भने 'बाँदरले गिद्धको गुड भत्काउने, पिट्ने गर्दा पनि यहाँबाट गिद्धहरु अन्यत्र गए ।' बादर नै मुख्य समस्याका रुपमा देखा परेकाले सरकारले बाँदर नियन्त्रणतर्फ ध्यान दिनुपर्नेमा उनले जोड दिए । समूहका अध्यक्ष लोकनाथ घिमिरेले गिद्ध संक्षणमा वन उपभोक्ता समूहले चासो दिएको उल्लेख गरे ।

चुच्चो, नांगो तथा लामो गर्धन देख्दा घिनलाग्दो र भद्दा जिउडाल रहे पनि यो पर्यावरणका लागि ठूलै भूमिका भएको पक्षी हो । यसको ठूलो धार्मिक महत्व पनि छ । गिद्धले जनावरको सिनो र फालेको मासुजन्य फोहर पदार्थ खाएर वातावरणलाई प्रदूषणमुक्त, दुर्गन्धमुक्त तथा रोगमुक्त बनाउन भूमिका खेलेको हुन्छ । धार्मिक र सांस्कृतिक आस्थासँग पनि जोडिने गिद्धलाई शनिदेवताको वाहनका रूपमा पुजिन्छ । प्रत्येक वर्ष सेप्टेम्बर महिनाको पहिलो शनिवार अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस मनाइए पनि गिद्ध संरक्षणमा चुनौती देखिएको छ । गाउँघरमा पशुचौपायालाई दु:ख दिने कुकुर, स्याल, चितुवा जस्ता प्राणीलाई मार्न विष हाल्ने प्रचलनले पनि समस्या थपेको छ । विषादीको कारण मरेका पशुचौपाया खाँदा गिद्ध पनि मर्ने गरेका छन् । त्यस बाहेक गिद्धका विभिन्न पक्षको वैज्ञानिक अनुसन्धान, प्रजनन् केन्द्रबाट प्राकृतिक वातावरणमा छाडिएका गिद्धको अनुगमन, सुरक्षित आहारको व्यवस्था, वासस्थान संरक्षणका काम प्रभावकारी नहुँदा पनि चुनौती थपिएको छ ।

# लुम्बिनी प्रदेश सरकारले संविधान दिवस तीन दिनसम्म मनाउने

## दीपावलीसहित मनाउन आह्वान

**हाम्रा संवाददाता**

**लुम्बिनी,** भदौ २६/लुम्बिनी प्रदेश सरकारले संविधान दिवस २०८१ लाई तीन दिनसम्म विविध कार्यक्रम गरी भव्य रुपमा मनाउने भएको छ । प्रदेश सरकारले आगामी असोज २, ३ र ४ गते विभिन्न कार्यक्रम आयोजना गरी दिवस मनाउने भएको हो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा बसेको बैठकले संविधान दिवसमा आयोजना गरिने कार्यक्रमहरु स्वीकृत गरेको छ । दिवस मनाउनको लागि मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा प्रदेश मूल समारोह समिति गठन गरिएको छ । असोज २ गते प्रदेशस्थित सबै सरकारी कार्यालयमा राष्ट्रिय झण्डा फहराउने, कार्यालय परिसरमा सरसफाइ गर्ने, स्वास्थ्य




मन्त्रालयको समन्वयमा नि:शुल्क स्वास्थ्य परीक्षण गर्नेलगायत कार्यक्रम निर्धारण गरिएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ । यसैगरी, असोज ३ गते संविधान दिवसको मूल समारोह कार्यक्रममा विभिन्न सांस्कृतिक झाँकीसहित बिहान प्रभातफेरी गरिने र राप्ती उपत्यका देउखुरीमा मूल समारोह आयोजना गरिने जनाइएको छ । असोज ४ गते उपयुक्त स्थान पहिचान गरेर प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय कार्यालयलय सम्बद्ध सरोकारवालाको समन्वयमा वृक्षारोपण गरिने छ । त्यस्तै, संविधान कार्यान्वयनको पहिलो दशक : उपलब्धि र चुनौती विषयमा विज्ञसँग छलफल कार्यक्रम सञ्चालन गर्ने, जसका लागि फेडरलिजम एन्ड लोकलाइजेसन सेन्टरसँग समन्वय गर्ने निर्णय भएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ । तीन दिनसम्म प्रदेश भित्र विभिन्न कार्यक्रम आयोजना गरिने छ । ती तीन दिन आम नागरिकलाई आ-आफ्नो घरमा दीपावली गर्न पनि प्रदेश सरकारले आह्वान गरेको छ । संविधानसभाबाट नेपालको संविधान २०७२ असोज ३ गते जारी भएको ऐतिहासिक दिनलाई स्मरणीय बनाउन तीन दिनसम्म विभिन्न कार्यक्रम गरेर यो दिवस मनाउन लागिएको मूल समारोह समितिले जनाएको छ । संविधान सभाबाट नेपालको संविधान २०७२ असोज ३ गते जारी भएको ऐतिहासिक दिनलाई सदाझैँ देशैभर स्मरणीय र हर्षोल्लासका साथ मनाउन लागिएको छ ।

## पाल्पा उद्योग वाणिज्य संघको सूचना

पाल्पा उद्योग वाणिज्य संघको ७० औं साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गैरहेको सम्पूर्ण सदस्यहरुको जानकारीको लागि अनुरोध छ । साधारण सभाको निमन्त्रणा पत्र सबै सदस्यज्यूहरुलाई पठाई सकिएको छ । कुनै कारणवश निमन्त्रणा पत्र प्राप्त नभएमा यसैलाई सूचना मानी उपस्थितीको लागि अनुरोध छ ।

मिति : २०८१ भाद्र २९ गते, शनिबार

समय : बिहान ११:०० बजे

स्थान : माधव प्रसाद देवकोटा सभाकक्ष, त्रिभुवन बहुमुखी क्याम्पस, लहरेपिपल, तानसेन-६, पाल्पा

अनुरोधक

**पाल्पा उद्योग वाणिज्य संघ**

**तानसेन, पाल्पा**

अन्य थप जानकारीको लागि : ०७५-५२०१३३, ५२११६४, ९८५७०६८३२५

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## आत्महत्या गर्नबाट बचाऔं

विश्व स्वास्थ्य संगठनले हरेक वर्ष १० सेप्टेम्बरलाई विश्व आत्महत्या रोकथाम दिवसको रूपमा मनाउने गरेको छ । 'आत्महत्या रोकथामबारे संवाद सुरु गरौँ, दृष्टिकोण बदलौँ' मूल नाराका साथ यसवर्षको विश्व आत्महत्या रोकथाम दिवस मंगलबार मनाइएको छ । विश्व स्वास्थ्य संगठनका अनुसार विश्वभर हरेक वर्ष आठ लाख भन्दा बढी व्यक्तिहरूले आत्महत्या गर्ने गरेको पाइएको छ, तर विभिन्न अध्ययनहरुमा यो संख्या वास्तविकभन्दा कम रहेको जनाइएको छ । नेपालमा दैनिक सरदर २० जनाले आत्महत्या गर्ने गरेका छन् । पाल्पामा मात्र पछिल्लो तीन आर्थिक वर्षमा दुई सय ४९ जनाले आत्महत्या गरेको प्रहरीको तथ्याङ्क छ ।

सामान्य अर्थमा आफैले आफ्नो हत्या गर्नुलाई आत्महत्या भनिन्छ । प्रायः मानसिक तनाव तथा पीडा थेग्न नसकी बाँच्नुभन्दा मर्न सजिलो ठानेर मानिसले आत्महत्या गर्छन् । आफैलाई हानीनोक्सानी गर्ने सोंचविचार, आशय, आवेग, प्रयास र त्यसबाट ज्यान जाने अवस्था आफैमा दुःखद् छ । यद्यपी मानिसले सिधै आत्महत्याको बाटो रोज्दैन । उसले कहि कतैबाट सहयोग र साथ नपाएपछि मात्र यो बाटो रोज्न बाध्य भएको अध्ययनहरुबाट प्रष्ट हुन्छ । आत्महत्या गर्नुपूर्व त्यो व्यक्तिले 'मलाई बचाओ' भनेर संकेत गरिरहेको हुन्छ । तर, हामी मरिसकेपछि 'कायर रहेछ' भनेर गाली गर्छौं, जिउँदैमा उसको आर्तनाद बुझ्दैनौं । कुनै पनि व्यक्तिले आत्महत्या गर्नुका पछाडी धेरै कारण हुन सक्छन् । विशेषगरी मनमा असह्य पीडा बढ्दै गएपछि त्यस्ता व्यक्तिले आफूलाई नितान्त एक्लो ठान्न थाल्छन् । बाँच्ने इच्छा र चाहना क्रमशः घट्दै जाँदा उनीहरूले आफूलाई बचाउने भित्रभित्रै धेरै प्रयास गरे पनि अन्तमा त्यो बाटो रोज्न बाध्य हुन्छ । यदि हामीलाई कसैले आत्महत्या गर्ने सोच बनाइरहेको जानकारी भएमा तत्काल ठोस कदम चाल्न जरुरी छ । यस्तो सोच आफैं हराएर जान्छ भनी अनुमान गरी कुनै कदम नचाले निजले आफूलाई हानि पुऱ्याउने एवं आत्महत्या गर्नसक्ने सम्भावना रहन्छ । त्यसैले आत्महत्या सम्बन्धी सोचविचारसँग जुधिरहेका मानिसहरूसँग समय बिताउने, एक्लै नछोड्ने अनि सद्भाव र सहारा दिई उनीहरूको मनको कुरा गैरआलोचक भएर सुन्नाले उनीहरूलाई सहज महसुस हुन्छ । आफ्नो निकट जोकोहीले आत्महत्या गर्ने सोच बनाइरहेको थाहा पाउँदा हामीलाई निकै असजिलो र अप्ठ्यारो महसुस हुनसक्छ । तर यस्तो समयमा सुझबुझ राखी सही सहयोग र व्यवहार गर्नसके हामीले कसैलाई आत्महत्या गर्नबाट बचाउँदै फेरि जीवन निर्वाह गर्न प्रेरित गर्न सक्छौं । तसर्थ सबैले यसतर्फ ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

ब्यवहारिकता ठूलो कुरा हो ,
आदर्शको कुरा गर्दैमा कोहि महान हुदैन् ।
*(मिना कार्कीको फेसबुक स्टाटसबाट www.facebook.com//karki.mina92)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# रावण प्रवृत्ति हो : मान्छे होइन



**प्रा. डा. कुलप्रसाद कोइराला**

**मान्छे सभ्यता र असभ्यताको मूल**

मानव भन्ने जीवका सम्बन्धमा पौरस्त्येली र प्रतीच्येलीका चिन्तन मिल्दैनन् । उनीहरू जीवविकासका शृंखला गन्छन् झुसिल्कीरो पुतलीमा परिणत भए झैं कुनै जातिको वानर विकसित भएर मान्छे बनेको भन्छन् । पौरस्त्य चिन्तन त्यस्तो छैन । पौरस्त्य जगत्को मान्छे प्राकृतिक सृष्टि र वैकृतिक सृष्टिबाट मान्छेका रूपमा नै आविर्भूत भएर आएको हो भन्दै सनक सनातनादि ब्रह्माका पहिला मानस प्राकृतिक सन्तान वैरागी भएर ब्रह्मोपसाधनामा लागेपछि पुनः ब्रह्माजीले दस मानस पुत्र जन्माएर मैथुनिक सृष्टि गर्ने आदेश दिए ।

मनु र शतरूपा, दक्ष र विरणी कश्यप र दिति, अदिति, घोरा, कद्रु आदि कश्यपका सोरवटी र दक्ष तथा विरणीबाट तेत्तीसवटी छोरी उरस जोडेर जन्माइएका सन्तानले डाँडाकाँडा ढाकेर आजका विश्वको अवस्थामा पुगेको हो भन्ने पुराणादिमा संकेत भेटिन्छ । कश्यप नामका ऋषिले नै दितिका गर्भबाट दैंत्य, अदितिका गर्भबाट आदित्यादि देवता, विनताबाट वैनतेयादि पक्षी, घोरा कद्रुबाट चारखुट्टे पशु र सरिसृपादि छातीबाट घस्रेर हिँड्ने जन्माए भनिन्छ । यसरी हेर्दा हामी मान्छे जति सबै मनुका सन्तान भएका हुनाले मानव या मनुष्य भएका देखिन्छौं । दिति र अदितिका सन्तानले नै अरू सबैलाई उछिने । भौतिक बल र भौतिक धनसम्पदामा विश्वास गरेर शरीरलाई नै मुख्य मान्ने जति भौतिकवादी दैंत्य बने भने शरीर कर्मधर्मको माध्यम मात्रै हो ।

यो असत्य र क्षणभंगुर छ अतः ध्यान गर्नलायक ब्रह्म हो र त्यो शाश्वत् एवं सनातन पनि भएको हुनाले त्यसैको खोज, ध्याउन्न ध्यान गर्नुपर्छ भन्ने जति देव, ग्रह र ऋषि आदि भनेर चिनिन थाले । सुरुमा देव र दानव सौतेने भाइ भएका हुनाले राज्य या बस्ने खाने लाउने आदि कुराका अधिकारमा यिनीहरू लडेभिडे तर ब्रह्मा, विष्णु, शिव, रवि, शक्ति ( क्षिति, जल, पावक, गगन, समिर) पाँच महाभूतले यिनलाई धारण गरे । भौतिक शास्त्र निर्माण गरेर भौतिक सुखसुविधा जम्मा गरेपछि त्यस बेला पनि भोग्नका लागि आजका हमास र इजरायलका बीचको या रसिया र युक्रेनका बीचको द्वन्द्वजस्तै देवासुर युद्ध, देवीअसुरयुद्ध, देवदानवयुद्ध आदिनामका युद्धले वैदिक गाथा भरिएका छन् । पुराण बाइबल, बुढापेष्ट, कुरान, जरथ्रुस्त, धम्मपद, त्रिपिटक जे जे हेरेर खोजे पनि जीवन प्रवृत्युन्मुख बनेर अनि निवृत्युन्मुख बनेर प्रकट भएको देखिन्छ । सबै प्रवृत्तिमार्गमा लागेका भए नेपालको वन मासिए झैं मान्छे आपसमा मारामार गरेर नै सिद्धिनेरहेछ । सबै निवृत्तिमार्गमा लागेका भए लोकपिता भन्ने नाम ब्रह्माको नरहने रहेछ । वन, स्थल र जलमा समेत राज डाइनासोरले गरेथ्यो रे । पछिल्लो समयमा सिंह वनको राजा भयो तर मान्छे मुन्डेमुन्डे मतिर्भिन्ना: भएको हुनाले २९५ भन्दा बढी राज्य खडा गरेर पनि नपुगी तारे, तिल्के, झालेमाले, पुत्ले पाङग्रे बनेर पनि आआफ्नै सम्प्रदाय र पन्थ विकास गर्नाले आज मान्छे सबैभन्दा भयानक जीव बनेर देखियो । बडेमाको तारे टीको निधारमा लाउने जति ठग, सम्प्रदायी र पन्थी साधारण सनातनी आर्य अनार्य कोही पनि छैनन् । यिनीहरू आ-आफ्ना स्तर तथा तहको व्यवसाय गरेर नै सन्तुष्ट छन् जब कि तारेतिल्केले गाउँ सहर ठगेर सकेका छन् ।

**धार्मिक व्यापार**

धर्म, पन्थ, सम्प्रदाय तथा राजनीति धूर्त चलाख र बदमासले सोझा सरल प्रकृतिका मान्छेलाई दास बनाउने उद्देश्यले स्वर्ग, वैकुन्ठ, कैलाश, शक्तिधाम आदिको लालीपप खुवाएर आफ्नो दुनु सोझ्याउने काम गरे एकातिर भने अर्कातिर राज्य र राजाको या राजनीतिको थिति बसालेर यसका नाममा आआफ्ना फटाहाको जमात खडा गरेर यस सुन्दर पृथ्वीलाई मार, काट, छिनाझपटी, दाउपेच र आर्थिक तथा बौद्धिक शोषणको हतियार बनाएका ऋचाले वैदिक मन्त्रमा सबै भन्दा धेरै स्थान पाएको देखिन्छ । प्राक्वैदिक कालमा मानव कस्तो थियो भनेर बताउने कुनै शास्त्र छैनन् । सर्वप्राचीन विश्वसंविधान भनिएको ऋग्वेदमा नासदीय सूक्तले यस्तै संकेत गरेको छ र त्यसलाई यो सृष्टि सिद्धिएपछिको रिक्तताको समेत ध्वनि आउने गरी ऋषि समाजले मन्त्र दर्शन गरेका छन् ।

यस्तो नभूतो नभविष्यति लेख्न, रच्न सम्भव छैन । यो दिव्य प्राकृतिक ज्ञानको आवर्तवुद्वुद् नै हुनुपर्छ । आजको विश्वमा अनेकौं प्रपञ्च चलेका छन् । कोही व्यापारिक प्रपञ्च, गर्छन् । तिनलाई कालो बजारिया भनिन्छ । कोही राजनीतिक प्रपञ्च गर्छन् तिनलाई हाम्रा देशका तीन टाउके, पुटिन, सिजि पिङ, जेलेनेस्की जस्ता मानव सभ्यताका कलंक कंस भनिने छन् यदि भविष्यमा कहिल्यै यस पृथ्वीमा सभ्य समाज बन्यो भने । यस्तै कोही धर्मका नाममा प्रपन्च गर्दछन् ती धर्मव्यापारी कलुषकर्मी कालनेमि हुन् । नेपालमा पनि यी सबै खाले प्रपञ्च देखिएका छन् । नारीलाई आफ्ना लोग्नेको बाहेक चरण स्पर्श, निधार राखेर ढोग्ने अधिकार पौरस्त्य शास्त्रले दिएको छैन तर तारे र तिल्केहरू साधारण गृहस्त नारीदेखि एकल विधवासम्मलाई परलोक सुधार्ने नाममा तिलक कण्ठी दिएर चरण स्पर्श र चरण वन्दना, चरणमा निधार राखेर ढोगाउनेदेखि गुरुसेवाका नाममा अनेकौं कर्म कुकर्म गर्छन् । उनीहरू नारी उद्धार तथा वैष्णव धर्म प्रचारका निमित्त प्रायः परिस्थिति वशात् सतिएका, सामाजिक अपहेलनामा परेका, वैवाहिक जीवन असफल भएर अलपत्र परेका कामार्त गाउँले समाजका अबोध नारीलाई चेली बनाउने गर्दछन् । यस्तै कुकर्मी सन्न्यासी, शाक्त, गाणपत्यादिमा पनि भेटिन्छ । विष्णुले वृन्दापरस्त्री गमन गर्नुहुन्छ भने वैष्णवले किन नहुने ? हामी पनि आफ्नै कमजोरीका कारणले त्यस्तैलाई माता र पूज्या भनेर चरणरजको टीको लाउँदै हिँड्छौं । छोरीलाई पढाएर विदुषी बनाएर गार्गी, घोषा, मदालसा, उत्पला, अच, स्वरा, मैत्रेयी, कात्यायनी, दुर्गा, सरस्वती र लक्ष्मीका रूपमा हाम्रै ऋषि समाजले स्युद्धार गरेर विश्ववन्दिनी बनाएका कुरा भुलेर वृन्दावन, अयोध्या आदि ट्रस्टीका शरणमा पुऱ्याएर व्यपार गर्दछौं । यस्तै ट्रष्टी नेपालमा खडा गर्ने वञ्चकका चरणमा शिर निहुऱ्याउन पुग्दछौं ।

नवपुर नवद्वारयुक्त अयोध्या यही शरीर हो भनेर हाम्रा ऋषिले गरेका चिन्तनमा हामीलाई विश्वास छैन तर धर्मव्यापारी कालनेमिलाई विश्वास गर्न पुग्छौं । धर्म, पन्थ र सम्प्रदायको राजनीति यही हो । अस्ति भर्खरै सम्पन्न भएको पशुपतिका प्रांगणको कोटिहोम नामको 'छमक छल्लो' नृत्य र विज्ञापन गरी गरी रकम असुल्ने खेल यसैको पराकाष्ठा थियो । राज्यले यस प्रकारका कुकर्म नियन्त्रण गर्नुपर्छ तर अहिले संसारका धर्मव्यापारीको बैकुण्ठ बनेको छ नेपाल किनभने शासनसत्तामा रावण र कंस बसेका छन् वत्सासुर र पुतनालाई नियन्त्रण गर्ने कसले ?

**राजनीतिक व्यापार**

राज्यको उत्पत्ति निश्चित भूभागमा बस्ने जनताको सुरक्षा, समानता, स्वास्थ्योपचार, न्यायान्यायको परीक्षण र शिक्षाको अवसरलाई दृष्टिपथमा राखेर भएको देखिन्छ । मनुष्मृति हेरौं कि एथेन्सका ग्रामीण राज्य सञ्चालन प्रणालीदेखि आजका डाइनासोरे आकारका पूर्ण विकसित राज्यका काम कर्तव्यलाई हेरौं । नेपालका राज्य सञ्चालक भने २०१६ सालमा बनेको साँढे एक वर्षे सरकारभन्दा पछि आजका दिनसम्म नै सरकार सरकार जस्तो बन्न सकेन र मतदाता मतदाता नभएर भेडाबाख्रा बने । दलका गोठालाले जे चाफयो त्यही गरेर पनि दुईटा दलगोठालाले आफ्नो शक्ति प्रदर्शन गरेको धेरै भएको छैन । नेपालका मत दाताको यो अविवेकीपन बेलाबेला पुरानै समयदेखि प्रदर्शित हुँदै आएकै हो ।

नेपालको राजनीतिमा कहिले हनुमानको त कहिले जाम्बवान लगायत् अंगदहरूको दब्दबा रहेको देखिन्छ । हनुमान र जाम्बवान इमानदार दासमात्रै थिए तर अंगद भनेको त्यस्तो नालायक वानर हो जो पितृहत्याराको दास बनेको थियो । जसले बाबु मारो उसैको दाहिने हात बनेर देखिने काम नेपाली राजनीतिमा ककस्ले गरे भनेर छानविन गरे सबैको मनमुटु झस्कनेछ नै । हो, यस्तै दास र दासानुदासका आगमनले मूल्यमान्यता खस्कन्छ । प्रणाली बिग्रन्छ, पद्धतिलाई क्षति पुग्दछ । छेपारे चरित्रका राजनीति कर्मीले जादूगरले जादू देखाए झैं छिनछिनमा छेपारे चरित्र पनि प्रदर्शन गर्न भ्याउँछन् । यी पनि धर्मका क्षेत्रमा देखापरेका पुतना र कालनेमिभन्दा कम्ताका भ्रष्टाचारी छैनन् । आजका नेपालको प्रथमिक तहदेखि उच्च शिक्षाकै कुरो गर्ने हो भने पनि यी कालनेमिका कर्तुत मजले पस्टिन्छन् । शिक्षामा व्यापार, स्वास्थ्यमा व्यापार गरेर अकुत धन कमाउने अवसर आफन्तलाई र बृफकेस नजराना चढाउनेलाई प्रदान गर्नेको अहिले पनि कमी छैन नै । यिनले सुरक्षामा पनिव्यापार गरिसकेका हुन्थे त्यहाँ हतियार हुनेभएको हुनाले हामीलाई नै सिध्याउलान् भनेर डरका कारणले मात्रै यो देशको सुरक्षासंयन्त्रमा पँजनी चलाए पनि निजीकरण गरेर व्यापार चलाउन सकेका छैनन् राजनीतिको मखुण्डाका कालनेमिले । यी कालनेमि कोही समाजवादको मुखुण्डोधारी छन् त कोही सर्वहारको तारणमन्त्र प्रदाता छन् अनि कोही चाहिँ प्रजातान्त्रिक समाजवादको बर्को र मखुण्डाले असली चेहरा छोपेर नागरिक बेचबिखन र अन्य यस्तै बडेबडे घोटालामा लागेका छन् ।

सर्वहाराको तारणमन्त्रवाला त तन्नेरी, तरुनी, सुन, रक्तचन्दनको निकासी गरेर अकुत धनी बनेका छन् । कोही छल, कपट, दम्भ, कर्तव्याकर्तव्य बिर्सेर बिरामीका औषधिमा पनि खेती गर्छन् त चिया बगान र सरकारी जग्गा सुक्रिबिक्रीमा पनि लागेर कमाएका कमायै छन् । बाबुछोरा नातिपनाति सबै मिलेर साधारण मान्छेलाई चऱ्यामचऱ्यामती मकैभटमास चबाए झैं चबाउने । यिनकै चबाएर खाने गाँस बनेका छन् शिक्षा, स्वास्थ्य, सहकारी, परराष्ट्र र कृषिक्षेत्र । भरखरै भएका राजदूत नियुक्तिलाई हेरे पुग्छ । विश्वविद्यालयहरू त अरौटेपरौटे भर्ने खाली ठाउँ बनेका छन् ।

**शैक्षिक तथा सहकारी व्यापार**

पुतना, ताडका, सूर्पणखा र खरदूषणादि पचासौं हजार रावणका नसनाता चाहिँ शिक्षासहकारी र आइएनजीओ एनजिओको तल्लो तहदेखि उपल्ला तहसम्म फैलेर बसेका छन् । सहकारी साना थोरै आम्दानी भएका मान्छेका लागि अन्यान्य मुलुकमा वरदान भएको थियो तर नेपाली भस्मासुरले ती सोझानिक्षेपकारीलाई रक्तका आँसु रुवाएको टुलुटुलु हेरेर बसेको छ सरकार । शिक्षाको हालत त्यस्तै छ । दउथलपुथल गर्न जति पनि बजेट हुन्छ तर आवश्यक मात्रामा शिक्षक दरबन्दी सिर्जना गर्न सरकारै चाहँदैन ।

कृषिप्रधान देशमा कृषकको हरिबिजोक कसले देखोस् ? 'एकां लज्जां परित्यक्त्वा सर्वत्र विजयी भवेत्' अर्थात् एउटामात्र लाज पचाएपछि सर्वत्र विजय हुन्छ भन्ने नग्नासुरको गायत्री जपेर बसेको छ सरकार, दलनायक र अड्डा अदालतका खलनानायक खरदूषणादि रावणीय आदेशका अनुयायी छन् । यसरी शिक्षामा चाहे सुमना आउन्, चाहे विद्या आउन् सुधारको सम्भावना देखिँदैन किनभने मूल शासनमा रावण बसेको छ । रौति रावयतीति रावण: जो आफैं पनि रुन्छ र दुनियाँ रुवाउँछ त्यो मानवीय प्रवृत्ति नै रावण हो ।

*-इहिमालय टाइम्स डटकम*

## महत्त्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयूकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : खानपानमा ख्याल गर्नुपर्नेछ । मन खिन्न हुने स्थिति आउनसक्छ । | **तुला** : शुभकार्यको चर्चा चल्नेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । |
| **वृष** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। मित्रबाट विशेष सहयोग पाइनेछ । | **वृश्चिक** : आँटेको कार्य पुरा होला । स्वास्थ्य प्रति सजग रहनुहोला । |
| **मिथुन** :कार्य सम्पादनमा सहजता मिल्नेछ। परीक्षामा उत्तीर्ण हुन सकिनेछ। | **धनु** : चिताएको काम रोकिन सक्छ । अरूले फाइदा उठाउन सक्छन् । |
| **कर्कट** : महिला वर्गबाट सहयोग मिल्नेछ । यात्राको सम्भावना छ । | **मकर** : अनुहारमा चमक आउनेछ । आर्थिक क्षेत्रमा सफलता मिल्ला । |
| **सिंह** : तपाईंको सामान हराउन सक्छ । नाक तथा घाँटीमा समस्या आउला । | **कुम्भ** : नयाँ कमको थालनी हुनसक्छ। वैदेशिक कार्यमा पनि जानेछ । |
| **कन्या** : दाम्पत्य सुखले प्रसन्न र प्रफुल्लित भइनेछ । बोलीको प्रभाव पनि बढ्नेछ । | **मीन** : मित्रताको बन्धन कसिने बेला छ। आतिथ्यपूर्ण सम्मान पाइएला । |




निबन्ध — कमल रिजाल

# आकाश महिमा



> *सिलिङ्गो आकाश, छतको आकाश, धुरीको आकाश, खाँबो, बलोको आकाश सबै एउटै आकाशमा विलय हुन पुग्यो । जतिबेला चाहिएको थियो आकाशबाटै आयो जतिबेला सकियो आकाशमै बस्न पुग्यो । तपाईंको अवस्था पनि त्यस्तै हो । जतिबेला तपाईलाई तपाई भएको प्रमाण दिन आकाशको आवश्यकता परेको थियो आकाशबाटै आयो । काम सकियो आकाशमै पुगेर हरायो । यसलाई यसरी पनि बुझ्न सक्नुहुन्छ । मानिलिनुस् तपाईंको जन्म भयो तर यसको प्रमाण दिन आकाशको आवश्यकता पर्‍यो । आकाश बिना तपाई पहिले त हुनै सक्नुहुन्न । किनभने तपाई हुनासाथ तपाईभित्र शब्द पनि हुनुपर्छ, जुन शब्दले तपाई रुनुहुन्छ, कराउनुहुन्छ, बोल्नुहुन्छ, चाहिएको चीज माग्नुहुन्छ ।*

साधन र स्रोतको कुरा गर्दा यी छुट्टै हुन् कि जस्तो लाग्छ तर त्यो रूमा मात्र हो सारमा होइन । सारमा त यही हो कि साधन र स्रोत एउटै हो । साधनभित्रै स्रोत पनि हुन्छ, स्रोतभित्र साधन पनि । उदाहरणका लागि आकाशलाई नै लिन सकिन्छ । यसो त हामीले आकाश देखेका छैनौं । हामीले माथितिर फर्केर हेर्दा जुन निलो तह वा घेरा देखेका हुन्छौं त्यसैलाई आकाश भन्ने गरेका छौं तर वास्तवमा त्यही नै आकाश भने होइन । किनकि जसलाई हमीले आकाश भनेका छौं वा थियौं त्यहाँ गएर हेर्ने हो भने त्यस्तो नीलो तह वा घेरा त्यसभन्दा एक तह माथि पुगिसकेको हुन्छ । यसैबाट प्रष्ट हुन्छ कि हामीले आकाश देखेकै छैनौं । देखेजस्तो लागेको मात्र हो हो । यसको अर्थ यो होइन कि आकाश छँदैछैन । छ, जबरदस्त छ । सर्वत्र छ, सर्वव्यापक छ । सबैसँग छ, सबैको माथि छ । यो बिना कसैको पनि अस्तित्व सम्भव नै हुँदैन । जहाँ वस्तु हुन्छ त्यहाँ आकाश भएकै हुन्छ । तपाईको आकाश छ, मेरो आकाश छ, अरूको आकाश छ । गाई, गोरु, भैंसी, चरा, मुसा, जीवजन्तु, घर, वनस्पति लगायत स्थावर, जङ्गम सबैको एक एक आकाश हुन्छ । सबैले एकएक आकाशलाई बोकेर हिडेका हुन्छन् । तपाईलाई तपाई हुनमा पनि आकाश चाहिएको छ । मलाई म हुनमा पनि आकाश चाहिएको छ । किनकि ऊ बिना तपाई हामी हुनै सक्दैनौं । तपाईलाई आफू हुन पनि आकाश चाहियो, मलाई आफू भएको प्रमाण दिन पनि आकाश चाहियो । यसको अर्थ हो तपाईलाई आफू हुन र आफू भएको प्रमाण दिन ऊ साधन भयो किनकि उसले तपाईलाई तपाई भएको प्रमाणित गरिदियो । अब भन्नुस् आकाशको स्रोत चाहिँ के होला त ? उत्तर सहज छ आकाशको स्रोत आकाश नै हो । आकाशबाटै आउँछ, आफ्नो करामत देखाउँछ अनि आकाशमै पुगेर बिलाउँछ । आउनुस् यसलाई पनि केही उदाहरणबाट बुझ्ने प्रयास गरौं । मानिलिनुस् तपाईंले घर बनाउनुभयो । सबैलाई बस्न घर चाहिन्छ । घर नभई कोही पनि बस्न सक्दैन । मानिसलाई घर चाहिन्छ, गाईवस्तुलाई गोठ चाहिन्छ, चराचुरुङ्गीलाई गुँड चाहिन्छ । जे होस् तपाईंलाई घर चाहियो, अनेक कष्ट गरेर, ऋणधन गरेर, खाइनखाइ घर बनाउनुभयो तर घर त्यसै बनेन । उसलाई घर भएको प्रमाणित गर्न आकाश चाहियो । चाहिएको के थियो ऊ आफैं आएर घर भएको, घर बनेको प्रमाण गरिदियो । जबतक घर रह्‍यो ऊ घरकै माथि बसिदियो । छतको माथि बस्यो, सिलिङ्गो माथि बस्यो, गारोको माथि बस्यो, खाँबो, बलोको माथि बस्यो । जब घर भत्कियो ऊ आफैं महाकाशमा पुगेर एकाकार भयो । सिलिङ्गो आकाश, छतको आकाश, धुरीको आकाश, खाँबो, बलोको आकाश सबै एउटै आकाशमा विलय हुन पुग्यो । जतिबेला चाहिएको थियो आकाशबाटै आयो जतिबेला सकियो आकाशमै बस्न पुग्यो । तपाईको अवस्था पनि त्यस्तै हो । जतिबेला तपाईलाई तपाई भएको प्रमाण दिन आकाशको आवश्यकता परेको थियो आकाशबाटै आयो । काम सकियो आकाशमै पुगेर हरायो । यसलाई यसरी पनि बुझ्न सक्नुहुन्छ । मानिलिनुस् तपाईको जन्म भयो तर यसको प्रमाण दिन आकाशको आवश्यकता पर्‍यो । आकाश बिना तपाई पहिले त हुनै सक्नुहुन्न । किनभने तपाई हुनासाथ तपाईभित्र शब्द पनि हुनुपर्छ, जुन शब्दले तपाई रुनुहुन्छ, कराउनुहुन्छ, बोल्नुहुन्छ, चाहिएको चीज माग्नुहुन्छ । शब्द नभएको भए यो सम्भव नै हुने थिएन थिएन । हो यहाँ तपाईले जुन शब्द प्रयोग गर्नुभएको छ त्यसको आधार आकाश नै हो । आकाशबाटै यो आउँछ र काम फत्ते गर्नुहुन्छ । काम फत्ते के गर्नुभएको थियो ऊ आकाशमै पुगेर विलायो । दोस्रो कुरो कदाचित मानौं आकाश विना पनि बोल्न सम्भव भए छ रे तर तपाईं हुनुभएको अस्तित्व सिद्ध गर्न भने तपाईलाई आकाश नभई हुन्न । जब तपाई जन्मनुहुन्छ तत्कालै आकाशले आएर आवरण दिन्छ । यसैबाट तपाई हुनुभएको अस्तित्व सिद्ध हुन्छ तर जति बेला तपाईले संसारबाट विदा लिने अवसर आउँछ त्यतिबेला भने तपाईले बोक्नुभएको, तपाईको अस्तित्व सिद्ध गर्न आएको आकाईश आफ्नै मूलरूपमा अर्थात् महाकाशमा विलय हुन पुग्छ । रुख, बिरुवा बनस्पतिको अवस्था पनि त्यस्तै हो । जब उनीहरूलाई आफ्नो अस्तित्व सिद्ध गर्नुपर्ने अवस्था आयो तब आकाश आएर टुप्पोमा बसिदियो । जब उनीहरू मर्छन् तब उसको टुप्पोमा रहेको आकाश पनि उही महाकाशमै समाधिस्थ हुन पुग्छ । एवंरीतले हरेक अवस्थामा, हरेक, चीजमा, हरेक वस्तुमा यही नियमले काम गरेको हुन्छ । कतिपय दार्शनिकले घटाकाशको कुरा पनि गरेका छन् । जब घडा भयो तब आकाश भयो, जब घडामा पानी भयो फेरि पनि आकाश भयो । आकाश बिना न घडाको अस्तित्व सिद्ध हुन्छ न घडाभित्रको पानीको नै । जहाँ पानी हुन्छ त्यहाँ आकाश भएकै हुन्छ । कदाचित यस्तो हुँदैन थियो भने पानीले पानी हुनुको प्रमाण पनि दिन सक्दैन थियो । जब घडा फुट्यो, घडाको पानी पोखियो तत्कालै आकाश पनि हरायो । हरायो भन्नुको अर्थ उसभित्रको चाहिँ हरायो । यो भनेको उसकै मूलरूपमा समाधिस्थ भयो । यी केही उदाहरण हुन् । खोज्दै जानुभयो भने हरेक कुरामा यही नियमले काम गरेको पाउनुहुन्छ । यसैबाट प्रष्ट हुन्छ कि हरेक साधनको स्रोत उसैभित्र हुन्छ ।

*-रातोपाटी डटकम*

क्लासिक कथा — इन्दिरा प्रसाईं

# दुर्घटना र घटना

दुर्घटना घट्नै पर्ने थियो, सायद । घट्यो पनि त्यसैले । तरुनी भएको छोरी यस बेलासम्म घर आएकी छैन । छटपट भइरहेछ । पिरोलिइरहेको छ मन । आफैं आफूसित रन्थनाउनु सिवाय अरू सोच केही छैन । दिनदिनै अखबारमा आउने कुसमाचारहरू सम्झेर एकपल्ट मन अमिलो भएर आयो । उसको बुबा भने दिनभरिको थकान बिसाएर मस्त निद्रामा पुगिसेका थिए । उनलाई हेर्छु- क्या निश्चिन्तताको निद्रा ! म पनि यसरी नै निदाउन सके कस्तो हुन्थ्यो ! फगत कल्पन्छु। कसै गरे पनि आफूचाहिँ निश्चिन्त हुन नसक्ने रहेछु । अनायास कसैले ढोका ढकढक्याएझै लाग्छ । भ्रान्ति पनि हुन खोज्थ्यो कतिकतिखेर । हतपताएर ढोका खोल्न पुग्छु । निस्तब्ध चकमन्नता मात्र थियो बाहिर । छोरीहरूको कोठातिर फर्कन्छु । ठूली छोरीको बिछ्यौना रित्तो थियो । ऊभन्दा पन् वर्ष सानी छोरी सपनामै मुसुक्क हाँसिरहेकी थिई । चिन्तित मेरो मानसपटलमा उसको अबोध चेतना परिदृश्यले एकैछिनका लागि भए पनि मलाई धपक्क तुल्याउन खोजेको थियो ।अबचाहिं ढोका निकै जोडले ढकढक्याएको आवाजमा कुनै भ्रान्ति थिएन । म हतारिदै ढोका खोल्न पुग्छु । आफ्नो शरीरको सम्पूर्ण भारी मेरा अँगालोमा खन्याएर सुमिता फुसफुसाइरहेकी थिई, 'मम्मी !' त्यसपछि ऊ अविरल आँसुको वर्षामा भक्कानिन थाल्छे । छटपटाहटबाट प्रतीक्षारत छोरीको आगमनले अलिकति ढुक्क हुन पुगेकी मचाहिँ उसको यो भक्कानोले किनकिन आशङ्कित हुन थाल्छु । मभन्दा दुई इन्च अग्ली र झन्डै दोहोरो शरीर भएकी उसलाई मुस्किलले कोठासम्म पुर्‍याएपछि पनि ऊ एकनास रोइरहेकी हुन्छे । उसको आँसु पुछेर सशङ्कित हुँदै उसलाई राम्ररी नियाल्न थाल्छु। उसको कुर्थाका केही टाँकहरू चुँडिएका र चिउँडोमा दाँतले टोकेका केही दागहरू पनि प्रस्टसँग देख्छु । मनभरि शङ्काको पर्खाल उभ्याएर उसको कुर्थाको तल्लो फेर र सुरुवालतिर पनि आँखा गाड्छु । इस्तिरी गरेर लगाएको लुगाको आभाससम्म त्यहाँ पाइनँ मैले । त्यो कुर्थासुरुवाल पनि मैला लुगाहरूको थुप्राबाट भर्खरै झिकेर लगाएजस्तो लाग्थ्यो । सुमिता अझै रोइरहेकी थिई । एकनास उसको रुवाइ र आवरणको अस्तव्यस्तताले मेरो मनभित्र भर्खरै आशङ्कित एउटा भयङ्कर र दुर्घटनाग्रस्त नियतिलाई सकारिरहेको थियो। म मुख फोरेर उसलाई केही सोध्न सकिरहेकी हुन्न । रुँदारुँदै ऊ निदाई । बिहान राम्ररी कुरा गरौंला भन्ने सोचेर म पनि आफ्नो कोठामा गएर चिन्ता दुश्चिन्ता कल्पँदाकल्पँदै झपक्क निदाएको पत्तै भएन । 'ए अन्तरा ! लौन के भयो यो !' सुमिताको बुबाको कङ्कलाले बिउँझिन पुगँछु । सुमिताको बुबाले त्यसरी आत्तिएर कराएपछि म पनि अर्धनिद्रामै सुमिताको कोठातिर आइपुगेकी हुन्छु । सारीको पासो लागेर सिलिङ पङ्खामा झुन्डिरहेकी सुमितालाई देखेर आफूलाई चिमोट्छु । एकैचोटि सारा तन्द्रा भङ्ग भएपछि अगिल्तिर आइपरेको कटु सत्यसित आत्मसात् गर्न थाल्छु । सुमिताको बुबाले कुर्सी तानेर ल्याएपछि दुवै पतिपत्नीले बडो मुस्किलसँग छोरीलाई पासोबाट निकाल्न सफल भएका थियौं । त्यसपछि डाक्टरलाई हामीले कसरी बोलायौं, सुमिता कसरी मृत घोषित भई, दाहसंस्कार कसरी सकियो, ती सबै मेरा मानसपटलमा




अस्पष्ट रहेका छन् । सुमिताको मृत्युको दोस्रो दिन सानी छोरी सञ्चिताले एउटा कागज फेला पारेर दिएकी थिई । 'मेरो प्यारो मम्मी, ड्याडी ! आज मलाई साथीको घरमा उसका दुईजना दाजुहरूले हातखुट्टा बाँधेर बलात्कार गरे । मम्मी ! हजुरले सधैं भनिसिन्थ्यो एक पटक आइमाईको इज्जत गएपछि फर्कदैन । अब मैले बाँचेर पनि के गर्ने ! कुन मुखले हजुरलाई मुख देखाउने ! त्यसैले म जाँदै छु । मलाई माफ गरिदिसेला । - हजुरहरूकी छोरी सुमिता ।' त्यो चिठी यथावत् छ मसित । चिठीका एकएक अक्षरले मलाई यदाकदा कोर्रा हिर्काउने गर्छन् । यसरी मेरी छोरी सुस्मिताले आत्महत्या गरी वा मैले नै उसको हत्या गरें, यो प्रश्नले मलाई पिरोलिरहन्छ । सारा समाजले सुमिताले आत्महत्या गरेको ठहर्‍याएका छन् । तर म आफू भने सुमिताको हत्या मैले नै गरेकी हूँ कि भन्ने महसूस गर्छु । आफैंले आफैलाई धिक्कारें पनि मैले। किन मैले उसलाई आइमाईका फोसा आदर्शको पाठ मात्र पढाएँ । शिक्षित आमा हुनुको अर्थ मैले किन आइमाईको समयानुकूल परिभाषा बनाउन सकिनँ ! आफूले हासिल गरेका पुरातन संस्कारहरूका हतियारले मैले आफैंले सुमिताको हत्या गरेकी त होइन ? निकै लामो मानसिक सैर्षपछि मात्र सञ्चितापट्टि मेरो ध्यान गएको थियो। सुमिताको वार्षिक पुण्यतिथिमा उसको बुबाले के चढाए मलाई थाहा भएन । मैले चाहिँ आफ्ना पुराना आदर्श र थोत्रा संस्कार सबैसबै उसलाई चढाएँ र त्यसपछि ती सबैबाट मुक्त हुने प्रयास गरेकी थिए । अब सुमिताप्रति खन्याइने गरेका सम्पूर्ण ममताका उच्छ्वासहरू सञ्चितामै पोखिने गरेको थियो। समयसँगसँगै यो घाउमा खाटा बस्दै गयो । तर एक दशकपछि मेरो जीवनमा फेरि एउटा यस्तै प्रसङ्गले पुनरावृत्ति लियो । अर्थात् घटना यसरी घट्यो । त्यस रात सञ्चिता सदाभन्दा अबेरसम्म घर आइन । हुन त ऊ आफ्नो प्रोजेक्टको काममा कैयौं पटक बाहिर नै 'नाइट हल्टेज' गर्ने गर्थी। तर पनि मेरो मन मान्दैनथ्यो । जतिसुकै आधुनिकतातिर लम्किन खोज्दा पनि मभित्रको खण्डहरमा लुकेको पुरातन मानसिकताले बेलाबखत मलाई जिस्क्याउन आउने गर्थ्यो । त्यसैले त्यस रात पनि म ढुक्क नभई चिन्तित हुन पुगें । तर आधारातसम्म ऊ आइन । म झपक्कै निदाएछु । बिहान अलि अबेरसम्मै मेरा आँखा खुलेनन् । बिउझिनासाथ भारी मन बोकेर सञ्चिताको कोठामा पुगें। ऊ मस्त निदाएकी देखेर केही आश्वस्त भएँ । ढोकासम्म पुगेपछि किनकिन मन ढक्क भएर फुल्यो र फेरि फर्केर उसकै बिछ्यौनाको किनारमा बसेर उसलाई नियालिरहें। टाइट स्ट्रेच जिन्स र लुनेक सर्टमा कस्सिएको उसको शरीर र मसरुम कट कपाललाई पनि हाइड्रोजनले रङ्गाएको कान्तिवान् अनुहार देखेर मभित्रका चिन्ताका बादलहरू बिस्तारै हटेर गए । 'कति अल्छी केटी, नाइट गाउन पनि नफेरी सुतिछ ।' मनमनमा भुतभुताउँदै उसलाई नै मायालु आँखाले हेरिरहें ।

कसोकसो मेरो उपस्थितिको आभास भयो कि सञ्चितालाई ! ऊ बिउँझी । मलाई देखेर मुसुक्क हाँसी। मेरो हात समातेर म्वाइँ खाई । मनमनै आनन्दित भए पनि बाहिरबाहिर रिसाए झै देखाएर मैले उसको हातबाट आफ्नो हात भट्कारें । 'राति त्यति अबेर गर्नहुन्छ ? फोन पनि गर्न सक्थ्यौ नि ! तिमीलाई बाहिर निस्केपछि घरमा तिम्रो निम्ति चिन्ता गर्ने पनि छन् भन्ने होस हुन्न होइन ? अहिलेचाहिँ चेपारो पार्छ्यौ ।' म नक्कली रिस देखाउँछु । ऊ बोल्दिन, मुसुमुसु हाँस्छे मात्र । 'किन सन्चो नभएजस्तो छ नि !' म आफ्नो यथास्थितिमा तुरुन्तै फर्कन्छु । 'मम्मी, हिजो राति मलाई तीन जना केटाहरूले बलात्कार गरें ।' उसले यी शब्दहरू सहजतापूर्वक भनेपछि ममाथि एकैचोटि आकाश खसेजस्तो भयो । मेरो घाउमा कसैले हिंसकतापूर्वक नुन खुर्सानी दलेजस्तो मलाई अनुभव भयो। म अत्तालिएर निसासिएँ । मेरो मस्तिष्क शून्य भयो । धेरै टाढा हुत्तियो मेरो मानसको हंस । र, यहाँका सम्पूर्ण वस्तुहरू सूक्ष्मातिसूक्ष्म भएर बिलाएझै भइरहयो। निमेषभरमै म यथास्थितिमै फर्किएँ र सञ्चितालाई अँगालो हाल्न पुगँ। त्यसपछि भक्कानो फुटाएर रून थालेछु म । 'टेक इट इजी मम । आइ एम ओ.के., बट दु टायर्ड ।' उसले मेरो टाउको मुसार्दै भनी र मेरो आँसु पुछ्न् थाली । मैले अचम्म मानेर उसको अनुहारमा हेरिरहें, उसले टाउको हल्लाई। त्यहाँ कुनै अपराध बोध, पश्चात्ताप वा भवितव्यका रेखाहरू थिएनन् । 'मम्मु ! आज म क्लिनिक जान्नँ । बरू तिमी तामाबोडीको झोल पकाऊ ल, खूब भोक लागिरहेको छ ।' मसँग कुनै शब्द थिएन । म त्यसवेला नि:शब्द भइरहे । चेतनविहीनताको मूर्तिजस्तो एकनास उसको अनुहारमा टोलाइरहें ।

'मम्मु ! मलाई एकचोटि त्यो 'कर्डलेस' देऊ न । बेलुकी डा. शोभासँग कन्सल्ट गर्नुपर्यो ।' अनायास उसले मेरो ध्यानाकर्षण गरेपछि यन्त्रवत् मैले उसलाई कर्डलेस फोन ल्याएर दिएँ । त्यसपछि ऊ डा. शोभासँग फोनमा कुरा गर्न थाली । सञ्चिताले यस प्रसङ्गलाई सहजतापूर्वक लिएकी थिई । उसले यसलाई कुनै दु:स्वप्नजस्तो नियति वा प्रपञ्चमा लिएको अनभव भएन मलाई । समयले फड्का मात्र हानेको थिएन, एउटा दुर्बोध सिलसिलालाई पनि परिष्कारका रूपमा निर्धारण गरिसकेको थियो । विगत र वर्तमानको दोसाँधमा उभिएकी मचाहिँ दुवै झ्यालसित परिचित थिएँ, र आफै आफूसित अस्वीकृत पनि । भोलिपल्टदेखि निश्चित समयमा सञ्चिता क्लिनिक जान थाली । म भने दश वर्षअघिको दुर्घटना र भर्खरै घटित यस घटनाको तारतम्यलाई केलाएर सहज-असहज खोज्ने क्रममा डुब्दै गइरहेकी थिएँ ।

*-साहित्यपोस्ट डटकम*

# आजदेखि तीन दिन मनसुन सक्रिय हुने



**पाल्पा,** भदौ २६/आज बिहीबारदेखि मनसुन सक्रिय हुने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान माहाशाखाले जनाएको छ । विभागले बुधबार विशेष मौसमी बुलेटिन जारी गर्दै विहिबार साँझदेखि शनिबारसम्म तीन दिन वर्षा हुने जनाएको हो ।

हाल देशभर मनसुनी वायुको प्रभाव रहेको र मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा दक्षिणतिर अवस्थित रहेको विभागले जनाएको छ । हाल भारतको मध्यप्रदेश आसपासमा अवस्थित न्यून चापीय प्रणाली थप विकसित भई उत्तर-पश्चिमतिर (नेपाल नजिक) सर्ने सम्भावना देखिए र त्यसको प्रभावले बिहीबार साँझदेखि शनिबार बिहानसम्म विशेषगरी नेपालको पश्चिमी क्षेत्रमा मनसुन सक्रिय भई वर्षा हुने सम्भावना रहेको विभागले उल्लेख गरेको छ । मौसम सक्रिय हुने भएकाले आवश्यक सतर्कता अपनाउन समेत विभागले सबैलाई आग्रह गरेको छ । महाशाखाद्वारा जारी बुलेटिनमा गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा साधारणतयादेखि पूर्णतया बदली र बाँकी प्रदेशहरूमा आंशिकदेखि साधारणतया बदली रहने उल्लेख छ ।

"गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा तथा बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङ/हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ," जारी विशेष बुलेटिनमा भनिएको छ, "लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानहरूमा भारीदेखि धेरै भारी तथा बाँकी प्रदेशका एक-दुई स्थानहरूमा भारी वर्षाको सम्भावना रहेको छ । सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा अति भारी वर्षाको समेत सम्भावना रहेको छ ।" महाशाखाले वर्षाका कारण भू-क्षय, बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको र मनसुनमा रातिको समयमा पानी पर्ने सम्भावना बढी हुने गरेकाले सहरी तथा तराई क्षेत्रहरूमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने जनाएको छ ।

# दमकडामा जेष्ठ नागरिकलाई सम्मान



जेष्ठ नागरिकलाई सम्मान गरिदै । तस्वीर : प्रकाश नेपाल

**पाल्पा,** भदौ २६/तानसेन नगरपालिका -९ दमकडामा जेष्ठ नागरिकलाई सम्मान गरिएको छ । अधेरी छरछरे सामुदायिक वन उपभोक्ता समिति दमकडा र पंक्षी संरक्षण संघले १६ औं अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस तथा समितिको २६ औं वार्षिक साधारण सभाको अवसरमा जेष्ठ नागरिकलाई सम्मान गरेका हुन् ।

लोपउन्मुख अवस्थामा रहेका गिद्धहरुको सरंक्षणमा जोड दिदै विगतमा गिद्ध संरक्षणमा जेष्ठ नागरिकको पनि महत्वपूर्ण योगदान रहेकाले उनीहरुको सम्मान गरिएको समितिले जनाएको छ । कार्याक्रममा डिभिजन वन कार्यालयका प्रमुख नारायण देव भट्टराईले वन संरक्षण र व्यवस्थापनसँगै जेष्ठ नागरिकलाई सम्मान गरेकोमा समितिको प्रशंसा गरे । उनले जेष्ठ नागरिकको सम्मानले अन्य क्षेत्रमा समेत सकारात्मक सन्देश प्रवाह हुने बताए । प्रमुख भट्टराईले जेष्ठ नागरिक समाजको पथप्रदर्शक र मार्गदर्शक भएको बताउँदै उनीहरुको अनुभवबाट धेरै कुरा सिक्न सकिने उल्लेख गरे ।

तानसेन नगरपालिका प्रवक्ता यादव सिंह कार्कीले जेष्ठ नागरिकलाई सम्मान गर्ने संस्कारको विकास गर्नुपर्नेमा जोड दिँदै एक दिन मात्रै नभएर जेष्ठ नागरिकलाई सधैं सम्मान गर्नुपर्ने बताए । उनले आफूले अरुको सम्मान गर्न सकेमा त्यही संस्कार आफूमा लागू हुने भन्दै जेष्ठ नागरिकलाई एक दिन मात्रै नभई सधैं सम्मान गर्नुपर्नेमा जोड दिए । प्रवक्ता कार्कीले पाल्पाको सम्भावना भनेको कृषि र पर्यटन भएकाले त्यसको विकासमा नगर सरकारले सामुदायिक वनसँग सहकार्य गरेर अगाडि बढ्ने बताए । कार्यक्रममा वडा अध्यक्ष राजेश कुमार अर्याललले नयाँ सोच बनाएर अगाडि बढनु पर्ने र वन आयमुलक कार्यमा प्रेरित गर्नु पर्ने बताए । कार्यक्रममा वन समूहका पूर्व अध्यक्ष बुद्धराज बस्यालले वन्यजन्तु नियन्त्रणतर्फ सरकारले उचित निर्णय नलिए गाउँका सबै बस्ती खाली हुने भएकाले तीनै तहका सरकारले ध्यान दिनुपर्नेमा जोड दिए । माडब्य बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख रुद्र बस्यालले नेपाली समाजमा अझै पनि जेष्ठ नागरिकलाई हेर्ने देष्टिकोणमा परिवर्तन आउन नसकेको बेला सम्मान कार्यक्रमले सकारात्मक सन्देश दिने धारणा व्यक्त गरे । कार्यक्रममा शान्ती बस्याल (कोषाध्यक्ष)ले आर्थिक प्रतिवेदन र अध्यक्ष लोकनाथ घिमिरेले पेश गरेको प्रशासनिक तथा सांगठानिक प्रतिवेदन साधारण सभाले पारित गरेको छ । समितिले वन समूह भित्रका ८ जना जेष्ठ नागरिकसँगै एसईई परीक्षामा उत्कृष्ट अंक ल्याउने तीन जना विद्यार्थीलाई समेत सम्मान गरेको छ । समितिका अध्यक्ष लोकनाथ घिमिरेको अध्यक्षता, सदस्य राधा पाण्डेको स्वागत, सावित्रा भुसालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# कोलम्बियाले अर्जेन्टिनालाई हरायो



**काठमाडौं,** भदौ २६/फिफा विश्वकपको दक्षिण अमेरिकी छनोटमा कोलम्बियाले विश्व विजेता अर्जेन्टिनालाई २-१ ले पराजित गरेको छ ।

कोलम्बियाको लागि कप्तान जेम्स रोड्रिग्वेज एक गोल र एक असिस्ट तथा यरसन मोस्केराले एक गोल गरे । खेलको २५औं मिनेटमा मोस्केराले रोड्रिग्वेजको पासमा गोल गर्दै कोलम्बियालाई अग्रता दिलाएका थिए । पहिलो हाफमा पछि परेको अर्जेन्टिनाले दोस्रो हाफमा सुरुमै गोल फर्कायो । निको गोन्जालेजले ४८औं मिनेटमा गोल गर्दै खेल बराबरीमा ल्याए । तर, ६०औं मिनेटमा जेम्स रोड्रिग्वेजले पेनाल्टीमा गोल गर्दै कोलम्बियालाई २-१ को अग्रता दिलाए । त्यसपछि थप गोल नहुँदा कोलम्बयालाई विजयी हुँदै ३ अंक जोडेको हो ।

जितपछि ८ खेलबाट १६ अंक जोडेर कोलम्बिया दोस्रो स्थानमा उक्लेको छ । शीर्ष स्थानको अर्जेन्टिनाभन्दा कोलम्बिया २ अंकले पछि छ । कोलम्बियाले ८ खेलमा ४ खेल जित्दा ४ बराबरी खेलेको छ ।

छनोट दोस्रो हार व्यहोरेको अर्जेन्टिनान भने १८ अंकसहित शीर्ष स्थानमै छ । दक्षिण अमेरिकी छनोटको अन्य खेलमा इक्वेडरले पेरुलाई १-० ले पराजित गरेको छ । चिली बोलिभियासँग २-१ ले पराजित भएको छ । उरुग्वे र भेनेजुएलाले गोलरहित बराबरी खेल्दै अंक बाँडेका छन् ।

## बिमालेख हराएको सूचना

यहि मिति २०८१/०३/२० गतेका दिन **लाइफ इन्स्योरेन्स** कर्पोरेसन (नेपाल) लिमिटेड (एल.आई.सी.)को गणेश बहादुर बुढाथोकीको नाममा जारी बिमा (पोलिसी) नम्बर २४००००३६५ को बिमालेख तानसेन प्रभास देखि तानसेन बसपार्कतर्फ आउँदै गर्दा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।

**नाम :** गणेश बहादुर बुढाथोकी
**ठेगाना :** साविक गैरीगाउँ गाविस-३, रोल्पा
**हाल :** त्रिवेणी गा.पा.-७, रोल्पा
**सम्पर्क न :** ९८५७०५९७२०

## अर्थ/कर्पोरेट समाचार

# दशैंका लागि १३ असोजदेखि नोट साट्न पाइने



**पाल्पा,** भदौ २६/दशैंका लागि १३ असोजदेखि सुकिला नोट साट्न पाइने भएको छ । नेपाल राष्ट्र बैंकले नोट सटहीसम्बन्धी सूचना जारी गर्दै आगामी असोज १३ देखि २२ सम्म सुकिला नोट साट्न सकिने जनाएको हो ।

नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यलय, प्रदेशस्थित कार्यालयका साथै अन्य बैंकहरूबाट समेत नोट साट्न सकिने राष्ट्र बैंकले जनाएको छ । यसपटक दशैंमा नयाँ नोटको साटो सुकिला नोट्न साट्ने व्यवस्था गर्न लागिएको राष्ट्र बैंकले जनाएको छ ।

विगतका वर्षहरूमा दसैं, तिहार र छठका लागि राष्ट्र बैंकले सर्वसाधारणलाई नयाँ नोट वितरण गर्दै आएको थियो । तर यस वर्ष नयाँ नोटको सट्टा सुकिला (सफा) नोट वितरण गर्ने राष्ट्र बैंकले जनाएको छ । राष्ट्र बैंक व्यवस्थापन समितिको बैठकले औपचारिक रूपमै यस वर्ष नयाँ नोटको सट्टा सुकिलो नोट वितरण गर्ने निर्णय गरेको थियो । अतिरिक्त खर्च जोगिने र सुकिला नोट पनि व्यवस्थापन हुने भएकाले यस्तो निर्णय लिइएको जनाएको छ । डिजिटल कारोबारलगायतका कारण ढुकुटीमा सुकिला नोट थुप्रिएपछि त्यसको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । सुकिला नोट साट्न चाहानेले १८ हजार ५ सय रुपैयाँसम्म पाउने छन् । ५, १०, २०, ५० र १०० दरको एक सेटका दरले १८ हजार ५ सय रुपैयाँ साट्न पाउने राष्ट्र बैंकले जनाएको छ ।

## नाम, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना

सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला रामपुर नगरपालिका वडा नं. ५ निवासी भारतीय भू.पू. सैनिक नं. ५७५०१४६L ह.ना. सु. बसन्त बहादुर मल्ल (नागरिकता प्रमाण पत्रमा बसन्त बहादुर मल्ल मेदासी) को श्रीमतिको नाम उमा देवी मल्लको नेपाली नागरिकताको प्रमाणपत्रमा पोमा देवी मल्ल जन्ममिति २०२०/०३/२३ (इ.स. ७ जुलाई १९६६) भएको र निजको पतिको पेन्सन अभिलेखमा नाम थर उमा देवी मल्ल जन्म मिति इ.स. ९ अगस्ट १९६७ (वि.सं. २०२४/०४/२५) भई फरक परेको भएपनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-९,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई